# प्रस्ताव आवहानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८०।०७।१३ गते**

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा ५२, ५९ र ६० वमोजिम यस कार्यालयवाट हुने सवारी चालक अनुमतिपत्रको नयाँ आवेदन, वर्ग थप तथा नवीकरणका लागि ऐ ऐनको दफा ६२ वमोजिम निरोगिता (स्वास्थ्य) परीक्षण गर्नु पर्ने भएकोले सेवाग्राहीवाट नै निरोगिता परीक्षण शुल्क लिने गरी ईच्छुक व्यक्ति, फर्म, कम्पनी तथा संस्थाले तपसिल वमोजिमको शर्तहरुको अधिनमा रही सिलवन्दी प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | प्रस्ताव | प्रस्ताव गर्न पाउने अधिकतम रकम | कैफियत |
|---|---|---|---|
| १ | निरोगिता (स्वास्थ्य) परीक्षण | रु. २००।०० | |
| २ | रगत समूह (व्लड ग्रुप )परीक्षण | रु. १००।०० | रगत समूह थाहा नहुने सेवाग्राहीको मात्र |

**शर्तहरु:**

१. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४, यातायात व्यवस्था कार्यविधि निर्देशिका, २०६०(संशोधित) वुँदा नं. १३.९, प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५, नेपाल स्वास्थ्य ऐन, २०५३ तथा नियमावली २०५५, राष्ट्रिय स्वास्थ्य नीति, २०७१ तथा प्रचलित कानूनको अधिनमा रही सेवाग्राहीको स्वास्थ्य परीक्षण गर्नु पर्ने ।

२. स्वास्थ्य परीक्षण गर्ने चिकित्सक तथा अन्य सहायक कर्मचारीहरु कार्यालय समय मै उपस्थित भई हाजिरी गरी स्वास्थ्य परीक्षण गर्नु पर्ने छ । कार्यालय समय वाहेक सार्वजनिक विदा तथा कार्यालय समय अघि पछि समेत कार्यालयको निर्देशनमा सेवा प्रवाह गर्नु पर्नेछ ।

३. कार्यालयले जग्गा\स्थान उपलव्ध गराउने आवश्यक फर्निचर, कर्मचारी, कम्पूटर, स्वास्थ्य उपकरण तथा स्टेशनरी आदी आवश्यक सामाग्री तथा टहरा निर्माण आफैले गर्नु पर्नेछ ।

४. नेपाल सरकारवाट मान्यता प्राप्त चिकित्सकवाट मात्र स्वास्थ्य परीक्षण गराउनु पर्नेछ । छ (६) महिनासम्म परीक्षणकाल रहने छ ।

५. स्वास्थ्य परीक्षण सेवा प्रदान गर्दा First Come First Service को आधारमा लाईनमा क्रमश सेवा दिदै जानुपर्ने र लाइनको व्यवस्थापन स्वयमले गर्नु पर्ने र सेवा प्रदायक कार्यालय प्रति उत्तरदायी र जवाफदेही हुनुपर्नेछ ।

६. स्वास्थ्य परीक्षण सेवाको लागि कम्तीमा Bachelor of Medichine and Bachelor of Surgery उतिर्ण चिकित्सकलाई User प्रदान गरिनेछ । User को सुरक्षा स्वयंम आफैले लिनुपर्नेछ र User को दुरुपयोग गरेमा प्रयोगकर्ता स्वयम नै कानून वमोजिम सजायको भागिदार हुनु पर्नेछ ।

७. प्रस्ताव सम्वन्धि कागजात र शर्तहरु श्रम, रोजगार तथा यातायात मन्त्रालयको website: molet.bagamati.gov.np, यातायात व्यवस्था कार्यालय, खुर्कोटको website:khurkotyatayat.bagamati.gov.np वाट डाउनलोड गरी र यस कार्यालयको प्रशासन शाखावाट नि:शुल्क रुपमा मिति २०८०।०८।०४ गते सम्म कार्यालय समय भित्र प्राप्त गर्न सकिने छ ।

८. प्रस्ताव दर्ता गर्नु पर्ने अन्तिम मिति २०८०।०८।०५ गते दिनको १२:०० वजे सम्म हुनेछ । उक्त प्रस्ताव सोही दिनको २:०० वजे प्रस्ताव दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ ।प्रस्ताव दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि प्रस्ताव खोल्न वाधा पर्ने छैन ।प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगतै कार्यालय खुलेको दिन दर्ता गर्नु पर्नेछ ।

९. प्रति सेवा ग्राही स्वास्थ्य परिक्षण गर्दा लिइने शुल्क अंक र अक्षर दुवैमा स्पष्ट खुलाई पेश गर्नु पर्ने छ ।

१०. सेवा प्रदायकले निरोगिता (स्वास्थ्य) परीक्षणको लागि प्रस्ताव गरेको दरलाई मुख्य आधार वनाइनेछ ।

२०८०।०७।१२

११. प्रस्ताव पेश गर्न त्यस्ता व्यक्ति, फर्म, कम्पनी वा संस्थाले नेपाल मेडिकल काउन्सिलवाट दर्तावाला चिकित्सकहरुवाट चिकित्सकीय सेवा प्रदान गर्नु पर्ने छ । साथै प्रस्तावदाताले स्वास्थ्य सेवा प्रदान गर्ने चिकित्सक नियुक्ति गर्नुपर्ने भएमा त्यस्तो चिकित्सक पनि नेपाल मेडिकल काउन्सिलमा दर्तावाला हुनु पर्नेछ ।

१२. स्वास्थ्य परिक्षणको सेवा वापतको शुल्क सम्वन्धित सेवाग्राहीवाट नै सेवा प्रदायकले उठाई लिनु पर्नेछ । सो वरावरको रसिद सेवाग्राहीलाई दिनु पर्नेछ ।

१३. प्रस्तावदाता व्यक्ति भए वा फर्म, कम्पनी वा संस्था भए देहाय वमोजिमको कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । तपसिलमा उल्लेखित कागजात पेश नगर्ने प्रस्तावदाताको प्रस्तावलाई मूल्यांकनमा समावेश गरिने छैन ।

| **व्यक्तिको हकमा पेश गर्नु पर्ने कागजातहरु** | **फर्म, कम्पनी वा संस्थाको हकमा पेश गर्नु पर्ने कागजातहरु** |
|---|---|
| नेपाली नागरिकताको प्रतिलिपी ।<br>मेडिकल काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपी ।<br>चिकित्सकको शैक्षिक योग्यता वा प्रमाण पत्रको प्रतिलिपी।<br>फौजदारी अभियोग पुष्टि नभएको व्यहोराको स्व घोषणा पत्रको सक्कल प्रति ।<br>अन्य । | संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी ।<br>सम्वन्धित निकायवाट सेवा दिनका लागि प्राप्त ईजाजत पत्रको प्रतिलिपी ।<br>नवीकरण, कर चुक्ताको प्रतिलिपी ।<br>चिकित्सकको काउन्सिल दर्ता प्रमाणपत्रको प्रतिलिपी ।<br>चिकित्सकको शैक्षिक योग्यताका प्रमाण पत्रहरुको प्रतिलिपी ।<br>फौजदारी अभियोग पुष्टि नभएको व्यहोराको स्व घोषणा पत्रको सक्कल प्रति ।<br>अन्य । |

१४. प्रस्तावदाताले प्रस्ताव र शर्तहरु मान्न मन्जुर छु भनी सहीछाप गरी सिलवन्दी प्रस्ताव वुझाउनु पर्नेछ ।

१५. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

कार्यालय प्रमुख
यातायात व्यवस्था कार्यालय, खुर्कोट, सिन्धुली

यातायात
खुर्को

वाग्मती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
# यातायात व्यवस्था कार्यालय
खुर्कोट, सिन्धुली
नेपाल

## मेडिकल सेवा प्रदान गर्ने सम्वन्धी प्रस्ताव फाराम

### क. प्रस्तावदाताको विवरण

| | |
|---|---|
| प्रस्तावदाताको नाम | |
| ठेगाना | |
| फर्म,कम्पनी वा संस्था भए प्रोप्राईटर वा संचालकको नाम | |
| कुन निकायवाट सेवा प्रदान गर्न ईजाजत लिएको हो सो संस्थाको नाम | |
| चिकित्सकको मेडिकल काउन्सिल दर्ता नं. | |
| स्था.ले. नं. | |

### ख. शुल्क सम्वन्धी विवरण

| | |
|---|---|
| निरोगिता (स्वास्थ्य) परीक्षण वापत लिने शुल्क | अंकमा:<br>अक्षरमा: |
| रगत समूह (ब्लड ग्रुप) परीक्षण वापत लिने शुल्क | अंकमा:<br>अक्षरमा: |

ोमान कार्य
ातायात
ुर्कोट



| | |
|---|---|
| प्रस्तावित सेवा शुल्कमा कुनै छुट दिने भए सो रकम | **रुपैयामा दिने भए**<br>अंकमा:<br>अक्षरमा:<br>**प्रतिशतमा दिने भए**<br>अंकमा:<br>अक्षरमा: |
| व्यक्ति आफै वा फर्म, कम्पनी, संस्था मार्फत सेवा दिने हो सो को विवरण | |
| प्रस्ताव साथ पेश गरेका कागजातहरु | १.<br>२.<br>३.<br>४.<br>५.<br>६.<br>७.<br>८. |

| माथि पेश गरेको प्रस्ताव र कार्यालयले तोकेको शर्तहरु मान्न मन्जुर छु भनी सहीछाप गर्ने | |
|---|---|
| सही:<br>मिति: | व्यक्ति भएमा दायाँ वाँया ल्याप्चे तथा संगठित संस्था भए सो को आधिरकारीक छाप |